# प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०३४।४।२४

**संशोधन**

| | |
|---|---|
| १. प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७ | २०३९।१।६ |
| २. प्राइभेट फर्म रजिष्ट्रेशन (दोस्रो संशोधन) नियमावली, २०६० | २०६०।११।२५ |
| ३. प्राइभेट फर्म रजिष्ट्रेशन (तेस्रो संशोधन) नियमावली, २०६१ | २०६१।४।२५ |
| ४. प्राइभेट फर्म रजिष्ट्रेशन (चौथो संशोधन) नियमावली, २०६३ | २०६३।६।२३ |
| ५. प्राइभेट फर्म रजिष्ट्रेशन (पाँचौं संशोधन) नियमावली, २०६४ | २०६४।१०।२७ |
| ६. प्राइभेट फर्म रजिष्ट्रेशन (छैठौं संशोधन) नियमावली,२०६५ | २०५६।६।४ |
| ७. प्राइभेट फर्म रजिष्ट्रेशन( सातौं संशोधन) नियमावली, २०६६ | २०६६।५।१५ |

नेपाल कानून आयोग

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम “प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा “ऐन” भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ सम्झनु पर्छ ।

३. **फर्म रजिष्टर गराउन दरखास्त दिनुपर्ने :** प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले रजिष्टर गराउनु पर्ने फर्म वाणिज्य सम्बन्धी भए नेपाल सरकार,

वाणिज्य विभागमा र उद्योग सम्बन्धी भए त्यसको वर्गीकरण अनुसार नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागमा [१]<u>एकसय रुपैयाँ</u> दस्तुर सहित अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

[२]४. **<u>रजिष्ट्रेशन दस्तुर</u>** : देहायको पूँजी भएको प्राइभेट फर्म रेजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ :-

| | | |
|---|---|---|
| (क) | एकलाख रुपैयाँसम्म | छसय रुपैयाँ । |
| (ख) | एकलाख रुपैयाँ भन्दा बढी तीनलाख रुपैयाँसम्म | दुईहजार रुपैयाँ । |
| (ग) | तीनलाख रुपैयाँ भन्दा बढी पाँचलाख रुपैयाँसम्म | चारहजार रुपैयाँ । |
| (घ) | पाँचलाख रुपैयाँ भन्दा बढी दशलाख रुपैयाँसम्म | सातहजार पाँचसय रुपैयाँ । |
| (ङ) | दशलाख रुपैयाँ भन्दा बढी पचासलाख रुपैयाँसम्म | दशहजार रुपैयाँ । |
| (च) | पचासलाख रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि | पन्ध्रहजार रुपैयाँ । |

५. **<u>दरखास्त साथ नागरिकताको प्रमाणपत्र र अन्य कागजात पेश गर्नु पर्ने</u>** : प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्बन्धित विभागले तोकेको अन्य कागजातहरू पेश गर्नु पर्नेछ ।

६. **<u>रजिष्ट्रेशन गर्ने</u>** : (१) नियम ३ बमोजिम दरखास्त परेपछि सम्बन्धित विभागले प्राइभेट फर्म खोल्न दिन मनासिव देखेमा विभागमा रहेको रजिष्टर किताबमा सो फर्म रजिष्टर गरी वाणिज्य विभागले भए अनुसूची २ बमोजिमको र उद्योग विभागले भए

---

१ दोस्रो संशोधनद्वारा संशोधित ।

२ दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

अनुसूची ३ बमोजिमको र घरेलु तथा ग्रामीण उद्योग विभागले भए अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(२) फर्म रजिष्ट्रेशन गर्ने सम्बन्धित विभागले तोकिदिएको हदसम्म पुँजी भएका फर्मलाई रजिष्टर गर्न सक्ने अधिकार कुनै कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

[३]७. **प्राइभेट फर्मको अवधि र नवीकरण** : (१) रजिष्ट्रेशन भएको प्राइभेट फर्मको अवधि तीन वर्षको हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत बहाल रहेको प्राइभेट फर्मको अवधि त्यस्तो प्राइभेट फर्म रजिष्ट्रेशन वा नवीकरण भएको आर्थिक वर्षको अन्त्यसम्म रहनेछ र यो नियम प्रारम्भ भए पछि नवीकरण भएका प्राइभेट फर्मको अवधि ३ वर्षको हुनेछ ।

(३) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र प्राइभेट फर्म नवीकरण गराउनको लागि सम्बन्धित कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

**स्पष्टीकरण** : यस नियमावलीको प्रयोजनको लागि "सम्बन्धित कार्यालय" भन्नाले वाणिज्य व्यवसायको लागि काठमाडौं उपत्यकाको हकमा सम्बन्धित विभाग र अन्यत्रको हकमा वाणिज्य कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालय र उद्योग व्यवसायको लागि सम्बन्धित विभाग र घरेलु तथा साना उद्योग कार्यालय भएको जिल्लामा सोही कार्यालय तथा त्यस्तो कार्यालय नभएको जिल्लामा सम्बन्धित विभागले तोकिदिएको कार्यालयलाई जनाउँछ ।

(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

नेपाल कानून आयोग

[३] पाँचौं संशोधनद्वारा संशोधित ।

| | |
|---|---|
| (क) एक लाख रुपैयाँसम्म | रु. ३००।- |
| (ख) एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | रु. ५००।- |
| (ग) तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | रु. ८००।- |
| (घ) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | रु. १,२००।- |
| (ङ) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | रु. १,७००।- |
| (च) [४]पचास लाख रुपैयाँ भन्दा माथि | रु. २,३००।- |

[५](५) उपनियम (३) बमोजिमको अवधिभित्र पनि प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्बन्धित कार्यालयले देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) उपनियम (३) बमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको दोब्बर दस्तुर ।

(ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको तेब्बर दस्तुर ।

(६) उपनियम (५) बमोजिम म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारबाही गर्नेछ ।

८. **विवरणमा हेरफेर गर्न सूचना दिनुपर्ने** : कुनै प्राइभेट फर्मको धनीले आफ्नो फर्म रजिष्टर गराउँदा दिएको विवरणमा केही हेरफेर गर्न चाहेमा सो कुराको लिखित सूचना नियम ३ मा उल्लिखित अधिकारी छेउ दिनुपर्छ ।

---

[४] छैठौं संशोधनद्वारा संशोधित ।

[५] छैठौं संशोधनद्वारा संशोधित ।

९. **<u>प्रमाणपत्र लिन सकिने</u> :** (१) नियम ६ बमोजिम प्रदान गरिएको रजिष्ट्रेशनको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा वाणिज्य सम्बन्धी भए नेपाल सरकार, वाणिज्य विभाग र उद्योगसम्बन्धी भए नेपाल सरकार, उद्योग विभाग वा घरेलु तथा ग्रामीण उद्योग विभागमा प्राइभेट फर्मका धनीले निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा सम्बन्धित विभागले पाँच रुपैयाँ दस्तुर लिई रजिष्ट्रेशनको अर्को प्रमाणपत्र दिनेछ ।

[६]१०. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्था</u> :** [७](१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म प्राइभेट फर्म नवीकरण नगराउन नसकेको प्राइभेट फर्मको धनीले त्यसरी नवीकरण गराउन नसकेको मनासीव कारण देखाई यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र नविकरणको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासीव देखिएमा सम्बन्धित कार्यालयले नविकरण नभएको प्रत्येक वर्षको लागि नियम ७ को उपनियम (४) मा उल्लिखित दस्तुरको तेब्बर दस्तुर र एक हजार रुपैंयाका दरले जरिवाना लिई त्यस्तो प्राइभेट फर्म एक पटकको लागि नवीकरण गरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पनि कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो प्राइभेट फर्म खारेज गर्ने सम्बन्धमा सम्बन्धित विभागले ऐनको दफा ७ख. बमोजिम आवश्यक कारबाही गर्नेछ।

११. **<u>खारेजी</u> :** प्राइभेट फर्म रजिष्ट्रेशन दस्तुर (संशोधन र एकीकरण) नियमहरू २०१८ खारेज गरिएको छ ।

---

[६] पाँचौं संशोधनद्वारा संशोधित ।

[७] सातौं संशोधनद्वारा संशोधित ।

<u>द्रष्टव्य</u> : प्राइभेट फर्म रजिष्ट्रेशन (पहिलो संशोधन) नियमावली, २०३७ मिति २०३७।४।१ देखि प्रारम्भ भएको मानिएको ।
<u>रूपान्तर</u> : तेस्रो संशोधनद्वारा रूपान्तरण भएका शब्दहरू :
(क) “घरेलु तथा ग्रामीण उद्योग विभाग” को सट्टा “घरेलु तथा साना उद्योग विभाग ।”
(ख) “निर्देशक” र “निर्देशक तथा नियन्त्रक” को सट्टा “महानिर्देशक” ।

# अनुसूची – १
## (नियम ३ सँग सम्बन्धित)

श्री महानिर्देशक,

उद्योग, वायिज्य तथा आपूर्ति मन्त्रालय,

उद्योग, वाणिज्य विभाग ।

महोदय,

तल लेखिए बमोजिमको उद्योग व्यापार व्यवसाय गर्न निम्नलिखित नामको प्राइभेट फर्म मेरो/हाम्रो नाममा रजिष्ट्रेशन गराउन इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम :-

२. फर्मको पूरा ठेगाना:-

३. उद्देश्य :-

४. पूँजी:-

५. कारोबार गर्ने चीज तथा कामको विवरण :-

६. प्राइभेट फर्मका धनी वा साझेदारहरूको तीन पुस्ते नाम, थर वतन र हिस्साको अङ्क यो फर्मको काम नोक्सानी भएमा घर घरनाबाट व्यहोर्ने राजी हुने (हुनेहरू):-

दरखास्तवाला (दरखास्तवालाहरू) को लेखात्मक र रेखात्मक दुबै औंठाको सहीछाप ।

दा बा

साक्षी

दरखास्तवालाको माथि लेखिएबमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनि सनाखत गर्ने ।

इति सम्वत् २० साल गते रोज शुभम्

---

(ग) "उद्योग तथा वाणिज्य मन्त्रालय" को सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" ।



नेपाल कानून आयोग

# अनुसूची -२
## (नियम ६ सँग सम्बन्धित)
## नेपाल सरकार
## उद्योग, वायिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग

प्रा .फा. नं.

## प्रमाण -पत्र

निम्न लेखिएको विवरण भएको .....................सम्वत् २०........ साल ..... गते रोज........ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ ।

नेपाल कानून आयोग

विवरण

धनी (प्रोपाइटर)को नाम, थर र वतनः-

फर्मको ठेगानाः-

पूंजी रु.

महानिर्देशक

# नेपाल सरकार
## उद्योग, वायिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागबाट
## नवीकरण (रिन्यूवल) गरिएको

| मिति | नविकरण गरिएको अवधि | दस्तुर बुझाएको रु.को भौचर नं. मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

नेपाल कानून आयोग

# अनुसूची–३
## (नियम ६ सँग सम्बन्धित)
## नेपाल सरकार
## उद्योग, वायिज्य तथा आपूर्ति मन्त्रालय
## उद्योग विभाग

प्रा. फा. नं.

## प्रमाणपत्र

नेपाल कानून आयोग

................सम्वत्  २० साल गते रोज मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बामोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएकोछ ।

धनी (प्रोपाइटर) को नामः-

ठेगानाः-

पूंजीः-

उद्देश्यः-

फर्मको ठेगाना :-

निर्देशक

नवीकरण (रिन्यूवल) गरेको प्रमाणपत्र

| नवीकरण (रिन्यू) गर्ने कार्यालयको नाम | नवीकरण (रिन्यू) बहाल रहने मिति | नवीकरण (रिन्यूवल) दस्तुर भौचर नं.मिति | दस्तखत र मिति |
|---|---|---|---|
| | | | |

नेपाल कानून आयोग

# अनुसूची -४
## (नियम ६ सँग सक्बन्धित)
## नेपाल सरकार
## उद्योग, वायिज्य तथा आपूर्ति मन्त्रालय
## घरेलु तथा साना उद्योग विभाग

प्रा. फा. नं.

<u>प्रमाणपत्र</u>

................सम्वत् २०..... साल ....गते रोज ....मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाणपत्र दिइएको छ।

धनी (प्रोपाइटर) को नामः-

ठेगाना :-

फर्मको ठेगाना :-

पूँजी :-

उद्देश्य :-

अश्वशक्ति :-

मिति :-

महानिर्देशक

नेपाल कानून आयोग

नवीकरण गरेको प्रमाण

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण गरेको मिति | नवीकरण दस्तुर भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |

नेपाल कानून आयोग